# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असार २० गते २०४५ साल (अतिरिक्ताङ्क १४ (ग)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन राष्ट्रिय बचतपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरिएको छ।

यो बचतपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजदर, व्याज भुक्तानी दिने समय, खरीद गर्न पाउनेहरूको किसिम र अन्य शर्तहरू निम्नबमोजिम कायम गरिएको छ।

१. बचतपत्रको नाम : यो बचतपत्रको नाम "राष्ट्रिय बचतपत्र २०६०" रहेको छ।

२. बचतपत्रको रकम : यो बचतपत्रको जम्मा रकम रू. २३,००,००,०००।– (रू. तेईस करोड मात्र) को हुनेछ।

३. बचतपत्रको व्ययभार : यो बचतपत्रको व्ययभार श्री ५ को सरकारको सर्वसंचित कोषप्रति हुनेछ।

४. बचतपत्रको प्रकार : यो बचतपत्र कम्तीमा रू. १००।– र बढीमा निष्काशित रकममा नबढाई रू. १००।– ले भाग गर्दा निःशेष हुने जतिसुकै माथिको रकममा दिइनेछ।

५. बिक्री अवधि : यो बचतपत्रको बिक्री अवधि २०४५ साल आषाढ २१ गते देखि ऐ. ३० गतेसम्म जम्मा १० दिनसम्म हुनेछ। तर म्याद अगावै बिक्री भई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६५

पूरा निष्काशित रकम उठेमा विक्री बन्द गर्न सकिनेछ । साथै विक्री हुन बाँकी रहेमा सो खुला राखी विक्री गरिनेछ । आर्थिक वर्षको अन्तसम्म पनि विक्री हुन बाँकी रहेमा श्री ५ को सरकारको सहमतिमा नेपाल राष्ट्र बैंकले खरीद गर्ने वा फ्रिज गर्नेछ ।

६. विक्री मूल्य : बचतपत्रमा उल्लेख गरेबमोजिम पूरापूर मूल्य (Face Value) मा विक्री गरिनेछ ।

७. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार : निष्काशित गरेको रकमभन्दा बढी रकमको दरखास्त प्राप्त हुन आएमा श्री ५ को सरकारको सहमति लिई निष्काशित रकममा १० प्रतिशतमा नबढाइ थप विक्री गर्न सकिनेछ ।

८. बाँडफाँड गर्ने अधिकार : प्राप्त रकमको बाँडफाँड गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

९. स्वीकृत नभएको बचतपत्रको रकम फिर्ता हुने : सम्पूर्ण निष्काशित रकम भन्दा बढी रकमको दरखास्त पर्न आएमा स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैंकबाट नियमानुसार यथाशीघ्र बिनाव्याज दरखास्तवालालाई फिर्ता गरिनेछ ।

१०. स्वीकृत रकमको प्रमाणपत्र दिने : स्वीकृत भएको बचतपत्रको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालालाई माग अनुसार दिइनेछ तर दरखास्तमा सो कुरा उल्लेख नगरेमा बचतपत्र स्टकके रूपमा दिइनेछ र प्रमिसरी नोट सर्वसाधारण व्यक्तिहरूलाई मात्र दिइनेछ ।

११. बचतपत्रको व्याज : बचतपत्रको व्याज नेपाल राष्ट्र बैंक वा सो बैंकको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैंकहरू र बैंकिङ कारोबार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत रकम बुझेर लिएको मितिदेखि नै वार्षिक १३ प्रतिशतका दरले प्रत्येक ६।६ महीनामा दिइनेछ ।

१२. बचतपत्रको साँवा भुक्तानी : यो बचतपत्रको साँवा भुक्तानी २०६० साल श्रावण १ गतेदेखि दिइनेछ ।

१३. बचतपत्रको भुक्तानी दिने ठाउँ : यो बचतपत्रको साँवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा वाणिज्य बैंकहरू तथा बैंकिङ कारोबार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१४. बचतसम्बन्धी व्यवस्था : यो बचतपत्रको व्यवस्था र तत्सम्बन्धी सबै काम कारवाही नेपाल राष्ट्र बैंक, राष्ट्रऋण विभागले गर्नेछ ।

१५. बचतपत्र खरीद गर्ने अधिकार : यी बचतपत्रहरू खरीद गर्ने अधिकार वाणिज्य बैंकहरू र वित्तीय संस्थाहरू (कृषि विकास बैंक र नेपाल औद्योगिक विकास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्पोरेशन) बाहेक सर्वसाधारण जनता र गैरबैंकिङ क्षेत्रका दीर्घकालीन बचत परिचालन गर्ने संस्थाहरू जस्तै कर्मचारी संचय कोष, राष्ट्रिय बीमा संस्थान, सामाजिक, धार्मिक र शैक्षिक संस्थाहरू सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत दर्ता भएका संघ संस्थानहरूका साथै अधिकृत गुठीहरू, स्वास्थ्य सेवा सम्बन्धी संस्थाहरू, विद्यालयहरूसमेतले यो राष्ट्रिय बचतपत्र खरीद गर्न सक्नेछन्।

१६. कर नलाग्ने : यो बचतपत्रबाट प्राप्त ब्याजमा आयकर छूट दिइएको छ।

१७. बचतपत्रसम्बन्धी कानूनी कारवाही : यो बचतपत्रसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

## सूचना २

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन यो सूचना प्रकाशित गरिएको छ।

यो ऋणपत्रको नाम, जम्मा मूल्य, भुक्तानी अवधि, ब्याजको दर, ब्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ।

१. ऋणपत्रको नाम : यस ऋणपत्रको नाम "विकास ऋणपत्र २०५५" रहेको छ।

२. निष्काशित ऋणपत्रको रकम : यो ऋणको जम्मा रकम रू. २५,००,००,०००।– (रू. पचीस करोड) मात्रको हुनेछ।

३. ऋणपत्रको व्ययभार : यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोष प्रति हुनेछ।

४. ऋणपत्रको प्रकार : यो ऋणको ऋणपत्र कम्तीमा रू. २५।– वा २५ को गुणन फल (Multiple) ले भाग गर्दा निःशेष हुने अंकको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ।

५. ऋणपत्रको बिक्री अवधि : यो ऋणपत्रको बिक्री अवधि २०४५ साल आषाढ २१ गतेदेखि ऐ. ३० गतेसम्म जम्मा १० दिनसम्म हुनेछ। तर सो समय अगावै बिक्री भई पूरा निष्काशित रकम उठेमा बिक्री बन्द गर्न सकिनेछ।

६. ऋणपत्रको बिक्री मूल्य : यो ऋणपत्र पूरापूरा मूल्य (Face value) मा निष्काशन गरिनेछ।

७. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार : निष्काशित रकमभन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ।



२४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. बाँडफाँड गर्ने अधिकार: प्राप्त ऋणपत्रहरूको बाडफाँड गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

९. स्वीकृत नभएको ऋण फिर्ता हुने: स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैंकबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा ब्याज दिइने छैन ।

१०. स्वीकृत ऋणको प्रमाणपत्र दिने: स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

११. ऋणको ब्याज: ऋणको ब्याज नेपाल राष्ट्र बैंक वा यस बैंकको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैंकहरू तथा वाणिज्य बैंकिङ कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत रकम बुझिलिएको मितिदेखि नै वार्षिक १०$\frac{१}{२}$ प्रतिशतका दरले प्रत्येक ६।६ महीनामा ब्याज दिइनेछ ।

१२. वाणिज्य बैंकहरूले खरीद गर्ने सम्बन्धमा: वाणिज्य बैंकहरूले र अन्य वित्तीय संस्थानहरूले आफ्नो नाममा खरीद गर्न चाहेमा पायक पर्ने नेपाल राष्ट्र बैंकको कार्यालय वा से.ख.वि. केन्द्रमार्फत खरीद गर्नुपर्नेछ ।

१३. ऋणको साँवा भुक्तानी: यो ऋणको साँवा भुक्तानी २०५५ साल श्रावण १ देखि दिइनेछ ।

१४. ऋणको भुक्तानी दिने ठाउँ: यो ऋणको साँवा र ब्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह काम गर्ने वाणिज्य बैंकहरू र बैंकिङ कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१५. ऋणसम्बन्धी व्यवस्था: यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाही नेपाल राष्ट्र बैंक, राष्ट्रऋण विभागले गर्नेछ ।

१६. ऋणपत्र खरीद गर्ने अधिकार: यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्ति, बैंक वा संस्थाहरूलाई हुनेछ ।

१७. कर नलाग्ने: यो ऋणबाट प्राप्त ब्याजमा आयकर छूट दिइएको छ ।

१८. ऋणसम्बन्धी कानूनी कारवाही: यो ऋणसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।